सांस्कृतिक संस्थानको

# आ.व.२०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम

## सहित विनियोजित बजेट

सांस्कृतिक संस्थान सञ्चालक समितिद्वारा २०८३/०२/२५ गते स्वीकृत

जमल, काठमाडौं ।
सम्पर्क नं. : ०१-५३२११९४
**इमेलः sanskritiksansthan@nepal.gov.np**
वेबसाइटः **www.sanskritiksansthan.gov.np**

## सांस्कृतिक संस्थानको दीर्घकालीन सोच र व्याख्या :

**सांस्कृतिक संस्थानको दीर्घकालीन सोच : "संस्कृति+प्रकृति+जनशक्ति=समृद्धि"**

व्याख्या :- 'संस्कृति, प्रकृति र जनशक्ति' बीच सिर्जनशील कला मार्फत सौन्दर्यात्मक एवम् वैज्ञानिक ढंगले समायोजन गर्नसके मात्र नेपाल जस्तो संस्कृति र प्रकृतिको धनी देशमा सांस्कृतिक स्रोत, प्राकृतिक स्रोत र दक्ष मानवीय स्रोतलाई उत्पादनतर्फ जोड दिई समृद्धिको आधार निर्माण गर्न सम्भव छ। अर्थात् डिजिटल युगसँगै अभौतिक र भौतिक सांस्कृतिक सम्पदालाई दक्ष जनशक्तिद्वारा प्रविधिमैत्री ढंगले समायोजन र सदुपयोग गर्नसके सांस्कृतिक पर्यटनको विकास सहित सांस्कृतिक उद्योगको निर्माण पश्चात् मात्र संस्कृतिबाटै समृद्ध नेपालको सपना साकार हुनसक्छ । नेपालको पहिचान र अस्तित्व निहित रहने संस्कृतिजस्तो संवेदनशील विषयमा फराकिलो चिन्तनको विकास गरी नेपालको खजाना संस्कृतिबाटै समृद्ध नेपाल बनाउने स्पष्ट राज्यनीति बनाउनु अनिवार्य शर्त हो ।

संस्कृति नरहे कुनैपनि राष्ट्रको अस्तित्व रहन सक्दैन । संस्कृति समुदायमा निहित हुन्छ । नेपालको विविधतायुक्त विशेषतालाई आत्मसात् गरी हरेक समुदायका अभौतिक सांस्कृतिक सम्पदालाई राष्ट्रिय सूचीकरण हुँदै अन्तर्राष्ट्रिय (विश्व सांस्कृतिक सम्पदा) स्तरमा सूचीकरण गरी सम्बन्धित समुदायको पहिचान सहित सांस्कृतिक पर्यटनको विकास मार्फत सामुदायिक स्वरोजगारको सिर्जना हुन गई समृद्धि हासिल गर्न सकिन्छ । तसर्थ, संस्कृतिबाटै नेपालीलाई आत्मनिर्भर, स्वरोजगारमैत्री बनाउने नीति तथा कार्यक्रम बनाई लागू गर्नु राज्य र राज्यका संस्कृति सम्बन्धी निकायहरूको अनिवार्य जिम्मेवारी हो । नेपालको पहिचानयुक्त सिर्जनशील कलालाई सजीव रूपमा प्रदर्शन गर्ने नेपाल सरकारको एकमात्र ज्येष्ठ निकाय सांस्कृतिक संस्थान दीर्घकालीन सोच सहित सांस्कृतिक उत्पादन, सांस्कृतिक पर्यटनमैत्री उत्पादन र डिजिटल प्रविधिमैत्री उत्पादनलाई विशेष जोड दिँदै स्वरोजगार सहितको सांस्कृतिक उद्योगको निर्माण गर्न सदा प्रतिबद्ध छ ।

# सांस्कृतिक संस्थानको आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम सहित विनियोजित बजेट

(रु.लाखमा)

| क्र.सं. | कोड नं. | नीति | कार्यक्रम | क्रियाकलाप | अनुमानित बजेट आन्तरिक | अनुमानित बजेट नेपाल सरकार | अपेक्षित नतिजा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | चालु तर्फ | | | | | | |
| १ | २११११ | तलब भत्ता | पारिश्रमिक कर्मचारी | स्थायी कर्मचारीको तलब भत्ता | १८५.४१ | ६० | श्रमको सम्मान | |
| २ | २११२१ | पोशाक भत्ता | कर्मचारी पोशाक भत्ता | कर्मचारीको नियमानुसार पोशाक भत्ता | ४.५ | | कर्मचारी प्रोत्साहन | |
| ३ | २११२३ | औषधि उपचार | औषधि उपचार खर्च | विनियमावली अनुसार औषधि उपचार | ० | | कर्मचारीको जीवन रक्षा | |
| ४ | २११३२ | महंगी भत्ता | कर्मचारी महंगी भत्ता | कर्मचारीको नियमानुसार महंगी भत्ता | २७ | | कर्मचारी प्रोत्साहन | |
| ५ | २११३९ | विविध भत्ता | अन्य भत्ता | कार्यालय समय बाहेक नियमानुसार भत्ता | १३ | | श्रमको सम्मान | |
| ६ | २११४० | पदाधिकारी सुविधा | पारिश्रमिक पदाधिकारी | | | | | |
| ७ | २११४१ | "" | सञ्चालक समिति बैठक भत्ता | नियमानुसार सञ्चालक समिति बैठक भत्ता | २ | | नियमानुसार भत्ता वितरण | |
| ८ | २११४२ | "" | पदपूर्ति समिति बैठक भत्ता | नियमानुसार पदपूर्ति समिति बैठक भत्ता | २ | | नियमानुसार भत्ता वितरण | |
| ९ | २११४४ | "" | पदाधिकारी खाजा खर्च | सञ्चालक समिति तथा पदपूर्ति समितिको बैठक समयानुसार खाजाखानाको व्यवस्था | १.५ | | | |
| १० | २२१११ | पानी तथा विद्युत | पानी तथा बिजुली | कार्यालयका लागि पानी तथा बिजुली व्यवस्था | ३५ | | | |
| ११ | २२११२ | सञ्चार | सञ्चार महसुल | कार्यालय सञ्चालनका लागि सञ्चार | १.५ | | | |
| १२ | २२२११ | इन्धन | इन्धन | कार्यालय प्रयोजनका लागि इन्धन | ३ | | | |
| १३ | २२२०० | मर्मत सँभार | | | | | संस्थानको संरक्षण | |
| १४ | २२२१३ | "" | सवारी साधन मर्मत | कार्यालय सवारी साधन मर्मत | ६ | | "" | |
| १५ | २२२१४ | "" | सवारी साधन बिमा नवीकरण | सवारी साधनको बिमा तथा नविकरण | १ | | "" | |
| १६ | २२२१५ | "" | हल मर्मत सँभार | फलससिलिङ, सिट, पर्दा, सिपेज, ढोका, सोफा, टेबुल, स्टेज लगायत हल सामग्री मर्मत | १५ | | "" | |
| १७ | २२२१६ | "" | मेशिनरी तथा औजार मर्मत सँभार | कम्प्युटर, प्रिन्टर, मिक्सर, साउण्ड कार्ड, साउण्ड बक्स, मोनिटर, AC, फ्यान, लाइट, माइक, पलम्बिङ, धारा, पानी तान्ने मेसिन, फोन, माइक केवल, स्मोक मेसिन, जेनेरेटर लगायत अन्य मेशिनरी मर्मत | २ | | "" | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | २२२१७ | ” ” | डिजिटल प्रणाली मर्मत सँभार | GIOMS प्रणाली, वेबसाइट, एप, युटुब, ई टिकट बुकिङ, सिसिटिभी बक्स, ई हाजिरी बक्स लगायत डिजिटल प्रणालीका सामग्री मर्मत | १ | | ” ” | |
| १९ | २२२१८ | ” ” | विविध संरचना तथा सामग्री मर्मत सँभार | भवन कलरिङ, टेबुल, कार्यक्रम सेट मर्मत, दराज, ढल, भवन सिपेज, ट्वाइलेट, कुर्सी, गायन, वाद्यवादन, नृत्य तथा नाटक सामग्री लगायत मर्मत | १० | | ” ” | |
| २० | २२३१० | कार्यालय सञ्चालन | | | | | | |
| २१ | २२३११ | ” ” | मसलन्द तथा कार्यालय सामग्री | कार्यालय सञ्चालनका लागि आवश्यक मसलन्द तथा सामग्री | ६ | | कार्यालय सञ्चालन | |
| २२ | २२३१३ | ” ” | पुस्तक तथा पत्रपत्रिका | कार्यालयका लागि पुस्तक तथा पत्रपत्रिका | ०.५ | | ” ” | |
| २३ | २२३१५ | ” ” | सूचना प्रकाशन, विज्ञापन तथा छपाइ | संस्थानका अत्यावश्यक सूचना प्रकाशन, पत्रपत्रिका तथा डिजिटल मिडियामा विज्ञापन प्रकाशन | ८ | | ” ” | |
| २४ | २२३१९ | हल सञ्चालन | हल सञ्चालन सामग्री | हल सञ्चालनका लागि सरसफाईका सामग्री | ८ | | हल सञ्चालन | |
| २५ | २२४१० | विविध सेवा | | | | | कार्यालय सञ्चालन | |
| २६ | २२४११ | ” ” | परामर्श सेवा | संस्थानको आइटी, कानूनी, एप-एप्लिकेशन आदि विशेष कार्यसम्पादनका लागि परामर्श सेवा | ४ | | ” ” | |
| २७ | २२४१२ | ” ” | सफ्टवेयर अपडेट | संस्थानका अत्यावश्यक सेवा तथा डिजिटल प्रविधिमा सफ्टवेर अपडेटका लागि AMC | ३ | | ” ” | |
| २८ | २२४१३ | करार सेवा शुल्क | करार कर्मचारी पारिश्रमिक | करार कर्मचारीहरूको तलब भत्ता | ११८.१७ | | श्रमको सम्मान | |
| २९ | २२४१९ | अन्य सेवा शुल्क | सुरक्षा तथा सरसफाई | सुरक्षा तथा सरसफाई सेवा | ३८.६५ | | कार्यालयको रक्षा | |
| ३० | २२६११ | आयव्यय मूल्यांकन | लेखा परिक्षण शुल्क | संस्थानको लेखा परिक्षण क्रियाकलाप | ३.८ | | समयमै लेखा परिक्षण | |
| ३१ | २२७१० | विविध खर्च | अतिथि सत्कार सामग्री | कार्यक्रम तथा भेटघाटमा अतिथि सत्कार सामग्री | ३.५ | | अतिथि सम्मान | |
| ३२ | २२७१२ | ” ” | बैंक सेवा शुल्क | संस्थानले बैंकिङ सेवा लिए बापतको शुल्क | ०.१ | | | |
| ३३ | २७३१० | सेवा निवृत्त सुविधा | | | | | | |
| ३४ | २७३१२ | ” ” | उपदान दायित्व | अवकाश प्राप्त कर्मचारीलाई प्रदान गरिने उपदान | १७६.०३ | १६० | अनिवार्य दायित्व वहन | |
| ३५ | २७३१३ | ” ” | सञ्चित बिदा दायित्व | सेवा निवृत्त कर्मचारीको सञ्चित बिदा दायित्व | ० | | | |
| ३६ | २७३१४ | ” ” | औषधि उपचार दायित्व | सेवा निवृत्त कर्मचारीको औषधि उपचार दायित्व | ० | | | |
| | २२५२२ | **कार्यक्रम तर्फ** | | | | | | |
| ३७ | २२५२३ | संस्कृति संरक्षण तथा प्रवर्द्धन | शुभारम्भ सांस्कृतिक साँझ | नयाँ वर्षको उपलक्ष्यमा वैशाख १ गते शुभकामना आदानप्रदान, सात प्रदेशको रैथाने खानपान सहितको सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम | ५ | | नेपाली संस्कृति संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | प्रायोजनमूलक |
| ३८ | २२५२४ | डिजिटल उत्पादन | मनमनमा संस्कृति, ओठओठमा हाँसो | हास्य रस प्रदायक संस्कृति सहित डिजिट उत्पादन केन्द्रित क्रियाकलाप | १० | | संस्कृति संरक्षण सहित समृद्धि | प्रायोजकमूलक तथा टिकट शो |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३९ | २२५२५ | रैथाने संस्कृति संरक्षण | सांस्कृतिक सम्मेलन | सात प्रदेशमा लोपोन्मुख रैथाने लोकसंस्कृति उत्सवका रूपमा प्रदर्शनी | ० | | रैथाने संस्कृति संरक्षण तथा प्रवर्द्धन | विविध निकायसँग सहकार्य |
| ४० | २२५२६ | प्रशिक्षण | कला प्रशिक्षण कार्यक्रम | अभौतिक सांस्कृतिक सम्पदा सम्बन्धी सिर्जनशील कला, ज्ञान, सीपको पुस्तान्तरणका लागि व्यवस्थित रूपमा प्रशिक्षण क्रियाकलाप | १२ | | गायन, वादन, नृत्य, नाटक तथा समग्र अमूर्त संस्कृतिको विकास | |
| ४१ | २२५२७ | कार्यशाला | सजीव कला सम्बन्धी कार्यशाला गोष्ठी | प्रदर्शनीयुक्त सजीव कला सम्बन्धी कार्यपत्र सहित कार्यशाला गोष्ठी एवम् अन्तरक्रिया कार्यक्रम | १ | | प्रदर्शनीयुक्त कलाको शैद्धान्तिक विकास | सहकार्यमूलक |
| ४२ | २२५२८ | प्रकाशन | पुस्तक, जर्नल, बुलेटिन तथा अन्य सामग्री प्रकाशन | अभौतिक सांस्कृतिक सम्पदा एवम् संस्कृति सम्बन्धी विशिष्ट व्यक्तिको कृति सम्बन्धी पुस्तक, अनुसन्धनात्मक जर्नल, बुलेटिन नेपाली संस्कृति, भित्ते पात्रो लगायतका सामग्री प्रकाशन | ४ | | कला प्रशिक्षण व्यवस्थित, संस्कृति संरक्षण तथा दस्तावेजीकरण | |
| ४३ | २२५२९ | उत्सव | लोकसंस्कृति प्रदर्शनी उत्सव | सात प्रदेशको लोकसंस्कृति कम्तीमा एक सातासम्म प्रदर्शनी | ० | | संस्कृति संरक्षण, संवर्द्धन तथा समृद्धि | सहकार्यमूलक, प्रायोजनमूलक |
| ४४ | २२५३० | संस्कृतिका लागि काव्य | सांस्कृतिक तथा साहित्यिक कार्यक्रम | कविता, गजल, कला, साहित्य सम्बन्धी सम्पूर्ण क्रियाकलापसँगै सांस्कृतिक कार्यक्रम प्रदर्शनी | ०.५ | | काव्य मार्फत संस्कृति संरक्षणमा जोड | सहकार्यमूलक |
| ४५ | २२५३१ | श्रद्धा अर्पण | सम्झनामा दिग्गज श्रष्टा | विविध विधाका दिग्गज श्रष्टाहरूको सम्झनामा उहाँहरूका अमर कृतिहरू प्रर्दशनी | १ | | दिग्गज धरोहरहरूको योगदानको कदर | |
| ४६ | २२५३२ | बाल संस्कृति निर्माण | बाल सांस्कृतिक समारोह | बालप्रतिभा उजागर तथा नैतिक शिक्षा सम्प्रेषणका लागि बाल कार्यक्रम | ०.५ | | बाल मनोविज्ञानमा नैतिक शिक्षा सम्प्रेषण | |
| ४७ | २२५३३ | इतिहासको खोज | राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्म खोज अनुसन्धान | संस्थानको उत्पत्तिकालदेखि हालसम्मको इतिहासलाई सत्यतथ्य खोज तथा दस्तावेजीकरण सम्बन्धी क्रियाकलाप | १ | | संस्थानको साङ्गोपाङ्ग सत्यतथ्य इतिहास प्रकाशन | |
| ४८ | २२५३४ | प्रतियोगिता | लोक गीत वा दोहोरी गीत प्रतियोगिता वा लोक लहरी सम्मेलन | देशैभरीका प्रतियोगीहरू समेटिने गरी एकल लोक गीत वा दोहोरी गीत प्रतियोगिता वा लोक लहरी सम्मेलन | ६ | | लुकेर रहेका प्रतिभाहरूको उजागर | सहकार्यमूलक तथा प्रायोजनमूलक |
| ४९ | २२५३५ | स्मृति दिवस | सम्झनामा नारायणगोपाल, अरुण थापा, तारा देवी, गणेश रसिक | स्वरसम्राट नारायणगोपाल, अरुण थापा, गणेश रसिक र तारा देवीका कृतिहरू समेटिने गरी उहाँहरूको स्मृति दिवसमा अलग-अलग कार्यक्रम | २ | | सिर्जनशील कला मार्फत राष्ट्रलाई योगदान दिने व्यक्तित्व सम्मान | सहकार्यमूलक |
| ५० | २२५३६ | अन्तरक्रिया | जनजीवनका लागि प्रगतिशील कला विषयक अन्तरक्रिया | जनताका जीवनपद्धतिको वकालत गर्ने प्रगतिशील कला सम्बन्धी कार्यपत्र प्रस्तुत सहित अन्तरक्रिया कार्यक्रम | १ | | संस्कृति निर्माणमा जोड | सहकार्यमूलक |
| ५१ | २२५३७ | कल्याणकारी कोष | सांस्कृतिक संस्थान कल्याणकारी कोष विस्तार | मेरो दान, संस्कृतिलाई सम्मान दान पेटिका सञ्चालन व्यवस्थित, कोष वृद्धिका योजना निर्माण | ० | | समग्र संस्कृतिकर्मीको जीवन रक्षा | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५२ | २२५३८ | अनुसन्धान | संस्कृति अध्ययन जर्नल | सात प्रदेशका लोपोन्मुख प्रदर्शनीमूलक लोकसंस्कृति खोज अनुसन्धान तथा प्रकाशन | ३ | | प्रदर्शनीयुक्त लोकसंस्कृतिको संरक्षण | |
| ५३ | २२५३९ | गणतन्त्रको रक्षा | गणतन्त्र दिवस उत्सव | गणतन्त्र दिवसका दिन गणतन्त्रको मर्म केन्द्रित सिर्जनशील कला प्रदर्शनी | ०.५ | | गणतन्त्रको रक्षाको लागि जोड | नेपाल सरकारको अवधारणा बमोजिम सहकार्य |
| ५४ | २२५४० | संविधानको रक्षा | संविधान दिवस उत्सव | संविधान दिवसका दिन संविधानको मर्म केन्द्रित बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विविधतायुक्त संस्कृति प्रदर्शनी | ०.५ | | संविधानको रक्षाको लागि जोड | नेपाल सरकारको अवधारणा बमोजिम सहकार्य |
| ५५ | २२५४१ | नेपाली शास्त्रीय सङ्गीत विकास | वसन्त शास्त्रीय सङ्गीत महाउत्सव | वसन्त पञ्चमीको अवसरमा नेपाली शास्त्रीय सङ्गीत विशेष दुई दिवसीय कार्यक्रम | ३ | | नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माण | सहकार्यमूलक |
| ५६ | २२५४२ | समय तालिका | भित्ते पात्रो निर्माण | संस्थानको नीति तथा कार्यक्रम समावेश गरिएको भित्ते पात्रो निर्माण | ०.५ | | प्रभाकारी रूपमा नीति तथा कार्यक्रम सम्पन्न | |
| ५७ | २२५४३ | वार्षिकोत्सव | संस्थानको वार्षिकोत्सव | संस्थानको वार्षिकोत्सवको अवसरमा सांस्कृतिक कार्यक्रम र राष्ट्रिय सम्मान तथा पुरस्कार वितरण सम्बन्धी क्रियाकलाप | ६ | | संस्थानको ऐतिहासिक विरासत कायम गर्न जोड | |
| ५८ | २२५४४ | दिवस संरक्षण | नारी दिवस कार्यक्रम | नारी सशक्तिकरण सहितको जागरण सम्बन्धी प्रतियोगितात्मक क्रियाकलाप | ०.३ | | नारी सशक्तिकरणमा जोड | |
| ५९ | २२५४५ | ” ” | आदिवासी जनजाति दिवसमा संस्कृति प्रदर्शन | आदिवासी जनजाति दिवसको अवसरमा विविध जातिका पहिचानयुक्त संस्कृति प्रदर्शन | ०.५ | | नेपाली मौलिक लोकसंस्कृति प्रवर्द्धन | आदिवासी जनजाति सम्बन्धी निकायसँग सहकार्य |
| ६० | २२५४६ | अन्तरक्रिया | भाषा तथा भेषभूषा सम्बन्धी अन्तरक्रिया कार्यक्रम | अभौतिक सांस्कृतिक सम्पदा अन्तर्गत भाषा तथा भेषभूषा, अनुष्ठान आदि सम्बन्धी कार्यपत्र प्रस्तुत सहित कम्तीमा २ वटा अन्तरक्रिया कार्यक्रम | १ | | अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण | तालुक मन्त्रालय, आदिवासी जनजाति आयोग लगायतका निकायसँग सहकार्य |
| ६१ | २२५४७ | संस्कृति आदानप्रदान | संस्कृति आदानप्रदान कार्यक्रम | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा संस्कृति आदानप्रदान कार्यक्रम | ५ | | राष्ट्रको पहिचान अन्तर्राष्ट्रियस्तरमा विकास | विविध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग सहकार्य |
| ६२ | २२५४८ | पदपूर्ति | संस्थानको रिक्त दरबन्दीमा पदपूर्ति | संस्थानको हित र कर्मचारीको वृत्ति विकास सहितको स्थायी पदपूर्ति | ४० | | कर्मचारीको वृत्ति विकास सहित दक्ष जनशक्ति व्यवस्थापन | बजेट अपुग भएमा संस्थानको वैकल्पिक स्रोतबाट व्यवस्थापन |
| ६३ | २२५४९ | नाटक मञ्चन तथा सम्मेलन | विविध नाटकहरू मञ्चन, प्रदर्शन तथा सम्मेलन | राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्मको इतिहासमा आधारित नयाँ नाटक, पाठ्यक्रम तथा अन्य नाटक, उपन्यास, एकाङ्की र खण्डकाव्यमा आधारित नाटक मञ्चन तथा प्रदर्शन साथै, सात प्रदेशको मिथकीय मौलिक लोक नाटक सम्मेलन | २० | | नाटक मार्फत संस्कृति प्रवर्द्धन तथा आर्थिक समृद्धि | सहकार्यमूलक तथा प्रायोजनमूलक |
| ६४ | २२५५० | नेपाली उपशास्त्रीय सङ्गीत विकास | नेपाली उपशास्त्रीय सङ्गीत समारोह | नेपाली लोक र शास्त्रीय सङ्गीत सङ्गम मार्फत नेपालीपन भएका उपशास्त्रीय सङ्गीत प्रदर्शनी | १.५ | | नेपाली उपशास्त्रीय सङ्गीत विकासमा जोड | सहकार्यमूलक तथा प्रायोजकमूलक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६५ | २२५५१ | सुगम सङ्गीत विकास | नेपाली सुगम सङ्गीत समारोह | नेपाली सुगम सङ्गीतको मर्म समेटिएको कार्यक्रम संस्थान तथा अन्य चर्चित कलाकारद्वारा प्रस्तुति | १ | | सुगम सङ्गीत विकासमा जोड | सहकार्यमूलक तथा प्रायोजकमूलक |
| ६६ | २२५५२ | डिजिटाइजेशन | डिजिटाइजेशन सम्बन्धी कार्यक्रम | संस्थानका श्रव्यदृश्य सम्बन्धी विगतका क्रियाकलापलाई डिजिटल प्रविधिमा रूपान्तरण | ०.५ | | सांस्कृतिक सम्पत्तिको संरक्षणमा जोड | |
| ६७ | २२५५३ | ऐन निर्माण | संस्थानको ऐन निर्माण | राष्ट्रिय नाचघर (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८२ को सिद्धान्त स्वीकृत तथा ऐन निर्माण | ०.५ | | ऐन अनुरूप परिणाममुखी कार्य सम्पादन | मन्त्रालयसँग समन्वय |
| ६८ | २२५५४ | चाडपर्व संरक्षण | चाडपर्व विशेष शुभकामना आदानप्रदान कार्यक्रम | नेपालीहरूका महान् चाडपर्वहरू दशैं, तिहार, छठको उपलक्ष्यमा संस्थान तथा अन्य कलाकारको विशेष प्रस्तुति रहने गरी क्रियाकलाप प्रदर्शनी | २ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरणमा जोड | |
| ६९ | २२५५५ | ״ | देउसी भैलो कार्यक्रम | संस्थानको कल्याणकारी कोष विस्तारका लागि देउसी भैलो कार्यक्रम तथा गीत सम्बन्धी कार्य | १ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | |
| ७० | २२५५६ | ״ | माघे संक्रान्ति कार्यक्रम | मगर, थारु आदि समूदायको राष्ट्रिय चाड माघे संक्रान्ति विशेष कार्यक्रम | १ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | सम्बन्धित समुदायसँग सहकार्य |
| ७१ | २२५५७ | ״ | साकेला पर्व (उभौली,उधौली) | किरात समूदायको महान चाड साकेला पर्व ( उधौली,उभौली) विशेष कार्यक्रम | ०.३ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | सम्बन्धित समुदायसँग सहकार्य |
| ७२ | २२५५८ | ״ | ल्होसार पर्व (तमु, तोल, सोनाम, ग्याल्पो) | तमु ल्होसार, तोल ल्होसार, सोनाम ल्होसार र ग्याल्पो ल्होसार विशेष कार्यक्रम | ०.५ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | सम्बन्धित समुदायसँग सहकार्य |
| ७३ | २२५५९ | ״ | गाईजात्रा विशेष प्रहसन | हास्य रस प्रदायक गाईजात्रा विशेष प्रहसन : संस्थान तथा अन्य लोकप्रिय कलाकारको प्रस्तुति | ३५ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | प्रायोजनमूलक तथा टिकट शो |
| ७४ | २२५६० | सांस्कृतिक सम्बन्ध विस्तार | राष्ट्रिय नाचघरदेखि संस्थानसम्म सांस्कृतिक कार्यक्रम | संस्थानबाट अवकाश प्राप्त तथा आबद्ध हुनुभएका र हाल कार्यरत कर्मचारीहरूको प्रस्तुती सहित भेटघाट | १ | | राष्ट्रिय नाचघरदेखि संस्थानसम्मका कर्मचारीहरूको सम्मान | प्रायोजकमूलक |
| ७५ | २२५६१ | प्रतियोगिता | लोकवादन प्रतियोगिता | देशैभरीका प्रतियोगीहरू समेटिने गरी लोपोन्मुख लोकवाद्य वादन प्रतियोगिता | ० | | लुकेर रहेका प्रतिभाहरूको उजागर | सहकार्यमूलक तथा प्रायोजनमूलक |
| ७६ | २२५६२ | बुद्ध प्रति श्रद्धा | बुद्ध जयन्ती विशेष कार्यक्रम | बुद्ध जयन्तीको अवसरमा नेपालको अस्तित्व गौतम बुद्ध सम्बन्धी क्रियाकलाप प्रदर्शन | ०.३ | | नेपालको अस्तित्व गौतम बुद्धको गरिमा प्रवर्द्धन | सम्बन्धित निकायसँग सहकार्य |
| ७७ | २२५६३ | दिवस संरक्षण | राष्ट्रिय धान दिवस महोत्सव | असार १५ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवमा स्थलगत रूपमा सहभागी | ०.५ | | राष्ट्रिय धान दिवस तथा रोपाइँ सम्बन्धी क्रियाकलाप पुस्तान्तरणत्र | सम्बन्धित निकायसँग सहकार्य |
| ७८ | २२५६४ | ״ | विश्व सङ्गीत दिवस कार्यक्रम | विश्व सङ्गीत दिवसको शुभकामना आदानप्रदान कार्यक्रम संस्थानका प्रशिक्षार्थीको विशेष प्रस्तुति | ०.५ | | सङ्गीत दिवसको संरक्षण | |
| ७९ | २२५६५ | धार्मिक संस्कृति निर्माण | धार्मिक सांस्कृतिक उत्सव | सनातन हिन्दू धर्म सम्बन्धी मानवका जन्मदेखि मृत्युपर्यन्त क्रियाकलापहरू कम्तीमा १५ दिनसम्म लगातार प्रदर्शनी | ० | | धर्म, संस्कतिको संरक्षण सहित नयाँ पुस्तामाझ ज्ञान सम्प्रेषण | पशुपति क्षेत्र विकास कोष लगायतका निकायसँग सहकार्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८० | २२५६६ | श्रम संस्कृति निर्माण | श्रम सांस्कृतिक कार्यक्रम | श्रमजीवी, मजदूर, किसान आदि वर्गको श्रम संस्कृतिको उत्थानमूलक सांस्कृतिक कार्यक्रम | ०.५ | | मे १ अन्तर्राष्ट्रिय मजदूर दिवसको सम्मान | |
| ८१ | २२५६७ | दिवस संरक्षण | राष्ट्रिय एकता दिवस | राष्ट्रिय एकताको मूल मर्म समेटिने सांस्कृतिक क्रियाकलापहरू | ० | | राष्ट्रिय एकताको भावना अभिवृद्धि | नेपाल सरकारको अवधारणा अनुरूप |
| ८२ | २२५६८ | दीक्षान्त | प्रशिक्षार्थी दीक्षान्त समारोह | प्रशिक्षार्थीलाई दीक्षान्त तथा प्रतिभा प्रस्तुति सम्बन्धी क्रियाकलाप | १ | | प्रशिक्षार्थीको कलाको सम्मान तथा हौसला प्रदान | |
| ८३ | २२५६९ | चाडपर्व संरक्षण | फागू पुर्णिमा होली विशेष कार्यक्रम | रंगहरूको पर्व होली विशेष शुभकामना आदानप्रदान क्रियाकलाप | ०.२५ | | मौलिक चाडपर्व संरक्षण तथा प्रवर्द्धनमा जोड | |
| ८४ | २२५७० | सांस्कृतिक गतिविधि | विविध सांस्कृतिक कार्यक्रम | संस्कृति प्रवर्द्धनमूलक भैपरी आउने विविध सांस्कृतिक कार्यक्रम | ५ | | संस्कृति संरक्षण तथा प्रवर्द्धनमा जोड | |
| ८५ | २२५७१ | सहकार्य | G to G प्रणाली मार्फत Book Free Friday कार्यक्रम | G to G प्रणाली मार्फत काठमाडौं महानगरपालिकासँग पुस्तकरहित शुक्रबार कार्यक्रम अन्तर्गत गायन, वादन, नृत्य तथा नाटक सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन | ० | | अभौतिक सांस्कृतिक सम्पदा सम्बन्धी कला प्रशिक्षण | सम्झौता अनुरूप कार्यक्रम तय |
| ८६ | २२५७२ | सांस्कृतिक प्याकेज निर्माण | G to G प्रणाली मार्फत नेपाली संस्कृति प्रवर्द्धन कार्यक्रम | पर्यटन विकासका लागि UNDP र TNB सँग G to G प्रणाली मार्फत "नेपाली संस्कृति" प्रवर्द्धनमूलक सांस्कृतिक पर्यटनमैत्री प्रदर्शनीयुक्त सांस्कृतिक प्याकेज निर्माण, प्रशिक्षण तथा प्रदर्शन कार्यक्रम | ० | | संस्कृति पर्वद्धन सहित पर्यटन विकास | सम्झौता अनुरूप सहकार्य |
| ८७ | २२५७३ | संस्कृति संरक्षण तथा प्रवर्द्धन | उपत्यका लोकसंस्कृति उत्सव | उपत्यका शहरलाई पर्यटकीय गन्तव्य बनाउन उपत्यका खण्डका लोकसंस्कृति प्रदर्शनी | ० | | सांस्कृतिक पर्यटनको विकास | सहकार्यमूलक तथा प्रायोजनमूलक |
| ८८ | २२५७४ | चाडपर्व संरक्षण | तीज उत्सव | अन्तरनिकाय बीच तीज सम्बन्धी मौलिक सांस्कृतिक प्रतियोगीता | ४ | | चाडपर्वको संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | प्रायोजनमूलक |
| ८९ | २२५७५ | "" | गौरा पर्व | गौरा पर्व सम्बन्धी क्रियाकलाप स्थलगत रूपमा अवलोकन तथा प्रदर्शन | ०.२५ | | चाडपर्वको संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | सम्बन्धित समुदायसँग सहकार्य |
| ९० | २२५७६ | जागरण संस्कृति निर्माण | सचेतना सांस्कृतिक कार्यक्रम | घटना दर्ता, समाजमा विद्यमान विकृति, विसंगति, भेदभाव तथा बेथिति निर्मूलनका लागि सचेतनामूलक कार्यक्रम | ० | | सभ्य संस्कृति निर्माणमा जोड | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग सहकार्य |
| ९१ | २२५७७ | मौलिक धूनको संरक्षण | नेपालमा प्रचलित वाद्यवादनमा "मौलिक लोक धूनहरू" कार्यक्रम | प्राचीनकालदेखि तथा सामाजिक-सांस्कृतिक रूपान्तरणसँगै नेपालमा प्रचलित वाद्यवादनमा "मौलिक लोक धूनहरू" प्रदर्शनी कार्यक्रम | १ | | लोक धूनहरूको संरक्षण | सहकार्यमूलक |
| ९२ | २२५७८ | सांस्कृतिक पर्यटनको विकास | सात प्रदेशमा सांस्कृतिक पर्यटन कार्यक्रम | **'नेपालको आय वृद्धि, सांस्कृतिक पर्यटनबाटै समृद्धि'** श्लोकनका साथ सात प्रदेशमा रैथाने खानपान सहित सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम | ० | | सांस्कृतिक पर्यटनको विकास र आर्थिक समृद्धि | विविध निकायसँग सहकार्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९३ | २२५७९ | कार्यशाला, अभिमुखीकरण तथा अन्तरक्रिया | अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण सम्बन्धी कार्यशाला, अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम | अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण सम्बन्धी कार्यपत्र, सांस्कृतिक प्रस्तुति सहितको कम्तीमा २ देखि ३ वटासम्म कार्यशाला, अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम | १.५ | | अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण पश्चात् सांस्कृतिक रोजगारको सिर्जना तथा सामुदायिक आर्थिक समृद्धि | तालुक मन्त्रालयसँगको सहकार्यमा निकायगत कार्यप्रकृति बमोजिम संस्थानले सम्पन्न गर्नुपर्ने कार्यसूची तथा क्रियाकलाप |
| ९४ | २२५८० | कार्यशाला तथा अन्तरक्रिया | शास्त्रीय तथा उपशास्त्रीय सङ्गीत सम्बन्धी कार्यशाला तथा अन्तरक्रिया कार्यक्रम | नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माणार्थ नेपालीपन भएका शास्त्रीय तथा उपशास्त्रीय सङ्गीतको विकासका लागि कार्यपत्र सहित कार्यशाला तथा अन्तरक्रिया कार्यक्रम | १ | | नेपाली शास्त्रीय तथा उपशास्त्रीय सङ्गीतको संस्कृति निर्माण | |
| ९५ | २२५८१ | अन्तरक्रिया तथा सम्मेलन | लोक गायन तथा वादन सम्बन्धी अन्तरक्रिया वा सम्मेलन | मौलिक लोक गीत, लोकदोहोरी, सामुदायिक गीत र लोक वादन सम्बन्धी कार्यपत्र सहित अन्तरक्रिया कार्यक्रम वा सम्मेलन | १ | | लोक गायन तथा वादनको मौलिक संस्कृति संरक्षण तथा पुस्तान्तरण | सहकार्यमूलक |
| ९६ | २२५८२ | सांस्कृतिक सम्पत्ति संरक्षण | राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्मका सांस्कृतिक सम्पत्ति खोज अनुसन्धान | राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्म कार्यरत पूर्व कर्मचारी तथा नेतृत्व, वर्तमान कर्मचारी तथा नेतृत्व र आगामी दिनमा समेतका कर्मचारी तथा नेतृत्वले संस्थानको नीति तथा कार्यक्रम अन्तर्गतका सिर्जनशील क्रियाकलाप सम्बन्धी सांस्कृतिक सम्पत्ति खोज तथा संरक्षण | ०.५ | | सांस्कृतिक सम्पत्ति संरक्षण तथा पुस्तान्तरण | |
| ९७ | २२५८३ | प्रतियोगिता | लोकनृत्य प्रतियोगिता | देशैभरीका प्रतियोगीहरू समेटिने गरी लोपोन्मुख लोकनृत्य प्रतियोगिता | ० | | लुकेर रहेका प्रतिभाहरूको उजागर | सहकार्यमूलक तथा प्रायोजनमूलक |
| ९८ | २२५८४ | अन्तरक्रिया तथा सम्मेलन | मौलिक नाच सम्बन्धी अन्तरक्रिया कार्यक्रम | मौलिक तथा सामुदायिक नृत्य सम्बन्धी नीतिगत ज्ञान विषयक कार्यपत्र सहित अन्तरक्रिया कार्यक्रम वा सम्मेलन | १ | | मौलिक नृत्यको सभ्य संस्कृतिक सम्प्रेषण | सहकार्यमूलक |
| ९९ | २२५८५ | चाडपर्व संरक्षण | शिवार्पण सांस्कृतिक साँझ | महाशिवरात्रिको अवसरमा भगवान् शिवको महिमामूलक सांस्कृतिक कार्यक्रम | ० | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | पशुपति क्षेत्र विकास कोषसँग सहकार्य |
| १०० | २२५८६ | ״ | भूमे पर्व | मगर समुदायको सांस्कृतिक चाड भूमे पर्व विशेष कार्यक्रम | ०.५ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | सम्बन्धित समुदायसँग सहकार्य |
| १०१ | २२५८७ | ״ | साउने संक्रान्ति पर्व | मगर समुदाय विशेष मौलिक चाड तथा नेपालको सांस्कृतिक पर्व साउने संक्रान्ति विशेष कार्यक्रम | ०.७ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | सम्बन्धित समुदायसँग सहकार्य |
| १०२ | २२५८८ | जागरण | नवजागरण प्रशिक्षण अभियान | गायन, वादन, नृत्य तथा नाटक सम्बन्धी देशका विभिन्न स्थानमा जागरण प्रशिक्षण कार्यक्रम | २ | | सिर्जनशील कलाको विकास | विभिन्न निकायसँग सहकार्य |
| १०३ | २२५८९ | दिवस संरक्षण | दर खाने विशेष कार्यक्रम | कर्मचारी प्रोत्साहनका लागि दर खाने दिन विशेष कार्यक्रम | ०.५ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०४ | २२५९० | विशेष कार्यक्रम | सांस्कृतिक संस्थान विशेष समारोह | सांस्कृतिक संस्थानका सम्पन्न गतिविधि प्रस्तुतीकरण सहित नयाँ नाटक शुभारम्भ एवम् सांस्कृतिक क्रियाकलाप प्रदर्शनी | २ | | संस्थानको कार्यसम्पन्न गतिविधि पारदर्शी प्रस्तुत | |
| १०५ | २२५९१ | सेभ द नेपाली कल्चर (Save The Nepali Culture) | "सेभ द नेपाली कल्चर" नामक अन्तर्राष्ट्रिय संस्कृति कोष (International Cultural Fund) निर्माण | नेपाली संस्कृति संरक्षणका लागि "सेभ द नेपाली कल्चर" नामक अन्तर्राष्ट्रिय फण्डिङ निर्माण गरी अन्तर्राष्ट्रियस्तरका संस्कृति प्रवर्द्धनमूलक क्रियाकलाप | ० | | अन्तर्राष्ट्रियस्तरमा दीर्घकालीन रूपमा नेपाली संस्कृति प्रवर्द्धन | दीर्घकालीन सोच अनुरूप क्रियाकलाप, नेपाल सरकारको सहयोग अपरिहार्य |
| १०६ | २२५९२ | श्रव्यदृश्य सामग्री निर्माण | लोकसंस्कृति सम्बन्धी श्रव्यदृश्य सामग्री उत्पादन | लोकगीत, लोकनृत्य, लोक गीति नाटक तथा समग्र लोकसंस्कृति खोज अनुसन्धान तथा सिर्जना गरी रेकर्डिङ, छायांकन, दस्तावेजीकरण तथा प्रकाशन | ५ | | लोपोन्मुख लोकसंस्कृति संरक्षण सहित संस्थानको सांस्कृतिक सम्पत्तिमा वृद्धि | अपुग रकम कार्यविधि अनुरूप व्यवस्थापन |
| १०७ | २२५९३ | संस्कृति संरक्षण तथा प्रवर्द्धन | चर्या समारोह | नेपालको प्राचीन पहिचान बोकेको उपत्यकाको चर्या गायन, वादन, नृत्य, नाटक र समग्र चर्या सम्बन्धी कार्यपत्र सहित संस्कृति प्रदर्शनी | १ | | नेपाली मौलिक शास्त्रीय विधिविधानयुक्त सङ्गीतको पहिचान | सहकार्यमूलक |
| १०८ | २२५९४ | क्षमता वृद्धि | कर्मचारी तालिम | कार्यालय आचार संहिता सम्बन्धी प्रशिक्षण | ०.५ | | कर्मचारी क्षमता वृद्धि | |
| १०९ | २२५९५ | संस्कृति प्रवर्द्धन | लोक तथा दोहोरी कार्यक्रम | मासिक रूपमा लोक तथा दोहोरी कार्यक्रम | ५ | | मौलिक संस्कृति संरक्षण | प्रायोजनमूलक, सहकार्यमूलक |
| ११० | २२५९६ | दिवस संरक्षण | खीर खाने दिन विशेष कार्यक्रम | कर्मचारी प्रोत्साहनका लागि खीर खाने दिन विशेष कार्यक्रम | ०.५ | | चाडपर्व संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण | |
| | | **पुँजीगत तर्फ** | | | | | | |
| ११० | ३१११० | भवन तथा संरचना | | | | | सांस्कृतिक सम्पत्ति निर्माण | |
| १११ | ३११११ | "" | पर्यटकीय क्षेत्रमा सांस्कृतिक संस्थान घर निर्माण | नेपालका पर्यटकीय क्षेत्रहरूमा सांस्कृतिक संस्थानका संस्कृति प्रदर्शनमैत्री घर निर्माण गरी रैथाने खानपान सहितको सांस्कृतिक क्रियाकलाप प्रदर्शन | ० | | सांस्कृतिक पर्यटनको विकास, रोजगारीको सिर्जना तथा आर्थिक समृद्धि | दीर्घकालीन सोच अनुरूप क्रियाकलाप, नेपाल सरकारको सहयोग अपरिहार्य |
| ११२ | ३१११२ | "" | छायांकन हल निर्माण | निकायगत अपरिहार्य संस्कृति सम्बन्धी श्रव्यदृश्य निर्माण तथा उत्पादनमैत्री क्रियाकलापको लागि संस्थानको छायांकन हल निर्माण | ० | | संस्कृति संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण, सांस्कृतिक सम्पत्ति निर्माण तथा आर्थिक समृद्धि | दीर्घकालीन सोच अनुरूप क्रियाकलाप, नेपाल सरकारको सहयोग अपरिहार्य |
| ११३ | ३१११३ | "" | पानी प्रशोधन प्लान्ट निर्माण | पानी प्रशोधन प्लान्ट तथा ट्याङ्की निर्माण गरी सेमिनार हलमा शुद्ध पिउने पानी व्यवस्था तथा मेगा र मिनी हलमा सफा पानीको व्यवस्था | ५ | | सफा पानीको व्यवस्था पानी ट्याङ्की फोहोर तथा जाम हुने समस्याबाट मुक्त | |
| ११४ | २२५८२ | डिजिटल संयन्त्र निर्माण | डिजिटल उत्पादनका लागि डिजिटल संयन्त्र निर्माण | डिजिटल उत्पादन प्रविधि जस्तै : एप, युटुव, फेसबुक, वेबसाइट, डिजिटल टिकट बुकिङ प्रणाली जस्ता डिजिटल संयन्त्र निर्माण | १.५ | | डिजिटल प्रविधि मार्फत समृद्धि तथा Globally Movement | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११५ | २२५८४ | डिजिटल दस्तावेजीकरण | NAS प्रणाली निर्माण | संस्थानको सम्पूर्ण गतिविधिलाई डिजिटल प्रविधिमा संरक्षण | ५ | | संस्थानका गतिविधि डिजिटल रूपमा संरक्षण | |
| ११६ | ३११२१ | खरिद | गायन, वादन, नृत्य र नाट्य सामग्री तथा पुस्तक | गायन, वाद्यवादन, नृत्य तथा नाटक सम्बन्धी आवश्यक सामग्री तथा पुस्तक खरिद | ६ | | सांस्कृतिक सम्पत्तिमा वृद्धि | |
| ११७ | ३११२२ | ″ | मेशिनरी सामग्री | कम्प्युटर, प्रिन्टर, माइक, माइक स्ट्यान्ड, लाइट, मोनिटर, माइक केबल, लाइट स्ट्यान्ट, सिसीटिभी क्यामेरा, बूम पीन माइक लगायत आवश्यक मेशिनरी सम्बन्धी सामग्री खरिद | १० | | सांस्कृतिक सम्पत्तिमा वृद्धि | |
| ११८ | ३११२३ | ″ | LED स्क्रीन | संस्थानको मेगा प्रेक्षालयमा मञ्चको ब्याकग्राउण्डमा ठूलो LED स्क्रीन निर्माण | २० | | समयानुसार हललाई डिजिटल प्रविधिमा अपडेट | |
| ११९ | ३११२४ | ″ | डिजिटल बोर्ड (बडापत्र) | संस्थानको पृष्ठभूमि, इतिहास, उद्देश्य, बडापत्र, कर्मचारी विवरण तथा सम्पूर्ण जानकारी डिजिटल बोर्ड मार्फत प्रकाशन | ५ | | समयानुसार संस्थानलाई डिजिटल प्रविधिमा अपडेट | |
| १२० | ३११२५ | ″ | फर्निचर तथा फिक्चर | टेबुल, कुर्सी, कार्पेट, पर्दा आदि खरिद | ५ | | सांस्कृतिक सम्पत्तिमा वृद्धि | |
| १२१ | ३११२६ | ″ | जेनेरेटर खरिद | हल सञ्चालनका लागि १२५ केभिए जेनेरेटर खरिद | १६ | | सांस्कृतिक सम्पत्तिमा वृद्धि | |